annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १८९, पृष्ठ १० | काठमाडौं, आइतबार ३० कात्तिक २०८२ | मार्ग कृष्णपक्ष द्वादशी, नेपाल संवत् ११४६ | SUNDAY, NOVEMBER 16, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# मधेसमा प्रतिशोध राजनीतिको विद्रुप

संघीयता कार्यान्वयनको छोटै अवधिमा मधेसमा संघीयतामाथि नै प्रश्न उठ्ने गरी संसदीय राजनीतिका विकृत रूप देखा पर्न थालेका छन् ।

## कहिले के भयो ?

**भदौ २४**
- तत्कालीन मुख्यमन्त्री सतिश सिंहद्वारा सार्वजनिक सञ्जालमार्फत पदबाट राजीनामा

**भदौ २८**
- जनमत पार्टीद्वारा सरकारबाट समर्थन फिर्ता

**असोज २८**
- सतिश सिंहले संसद् बैठकमा रोष्टमबाटै राजीनामा घोषणा गरे
- लोसपाका जितेन्द्र सोनलको नेतृत्वमा सरकार गठनका लागि ६ दलका ५७ सांसद (बहुमत) द्वारा दाबी।

**असोज ३०**
- जितेन्द्र सोनलद्वारा मुख्यमन्त्रीको शपथ

**कात्तिक २२**
- माओवादी सांसद रहबर अन्सारीले आफूले विश्वासको मत नदिने घोषणा गरे। माओवादीकै सांसद माला कर्णद्वारा पनि मत नदिने अडान
- सोनलद्वारा मुख्यमन्त्रीबाट सदनमै राजीनामाको घोषणा।

**कात्तिक २३**
- प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी (पछि पदमुक्त) लाई सरकार गठनका लागि आह्वान गर्न कांग्रेससहित सात दलका ७४ जना सांसदको हस्ताक्षर।

**कात्तिक २४**
- बिहान ४ बजे नै प्रदेश प्रमुख भण्डारीद्वारा बर्दिबासको होटलमा ठूलो दलको नेताको हैसियतले एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्रीको शपथ ग्रहण।

**कात्तिक २५**
- सरकारद्वारा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई पदमुक्त।

**कात्तिक २६**
- नयाँ प्रदेश प्रमुखमा डा. सुरेन्द्र लाभ नियुक्त।
- सात दलीय गठबन्धनका ७४ सांसदद्वारा मुख्यमन्त्री नियुक्तिविरुद्ध सर्वोच्चमा रिट दर्ता

**कात्तिक २७**
- सभामुख रामचन्द्र मण्डलविरुद्ध प्रदेशसभामा आचरण अनुकूलको व्यवहार नगरेको प्रस्ताव दर्ता
- सभामुखद्वारा ५ जना सांसदलाई पदमुक्त ।

**कात्तिक २८**
- उपसभामुख बबितादेवी राउत इसरलद्वारा सभामुखको निर्णय उल्टाउँदै पदमुक्त गर्ने निर्णय बदर
- सभामुखकै निर्णय सदर गर्दै प्रदेश राजपत्रमा ५ जना सांसद पदमुक्तको सूचना प्रकाशित
- नवनियुक्त प्रदेश प्रमुखद्वारा सबैलाई संयमित आचरण अपनाउन अपिल

**कात्तिक २९**
- प्रदेश प्रमुखद्वारा सर्वदलीय बैठक आह्वान। सात दलीय गठबन्धनका सांसद अनुपस्थित
- उपसभामुख बबितादेवीद्वारा प्रदेशसभाको चौरमा प्रदेशसभा बैठक सञ्चालन।



मधेस प्रदेशका उपसभामुख बबिता राउत इशरले शनिबार चौरमा राखेको प्रदेशसभा बैठक। ● मनिका झा

मनिका झा | *जनकपुरधाम*

- को रिपोर्ट

समाचार पृष्ठ २

## फ्रान्समा १ करोड २० लाख डलर बराबरको गहना चोरी

**लिली फ्रान्समा** (एजेन्सी): उत्तरी फ्रान्समा चोरहरूले १२ लाख डलर बराबरका गहना चोरी गरेका छन्। चोरले कथित रूपमा बुधबार लिली नजिकैको मध्य रूबैक्समा एक गहना पसलमा तोडफोड गरी बहुमूल्य सामानहरू लिएर भाग्नु अघि जौहरी र उनकी श्रीमतीलाई केही समय बन्धकसमेत बनाएका थिए।

प्रहरीका अनुसार चोरले लगेका गहनाहरूको मूल्य ५ लाखदेखि १० लाख युरो अर्थात् ५ लाख ८० हजारदेखि र १२ लाख अमेरिकी डलर बराबर रहेको छ। प्रहरीले घटनामा संलग्नता रहेको आशंकामा पक्राउ गरेका केही व्यक्तिविरुद्ध अपहरण, संगठित अपराध र सशस्त्र चन्दा असुलीको विषयमा अनुसन्धान सुरु गरेको छ।

बुधबार एक फरक घटनामा धेरै व्यक्तिहरूले रूबैक्सको मुख्य हुलाक कार्यालयको नगद स्थानान्तरण धुकुटी तोडफोड गरी त्यसभित्र रहेको झोला लिएर भागेका थिए। झोलामा खाली झोलाबाहेक अरू केही थिएन। यस घटनामा संलग्न ६ जनालाई त्यसै साँझ पक्राउ गरिएको थियो। गत महिना पेरिसको लुभ्र म्युजियममा एक गिरोहले दिनदहाडै छापा मारी १० करोड २० लाख अमेरिकी डलर बराबरको बहुमूल्य तथा ऐतिहासिक महत्वका गहना चोरी गरेका थिए।

## संसद् पुनर्स्थापनाको माग गर्दै एमालेद्वारा देशव्यापी प्रदर्शन



**अन्नपूर्ण** | *काठमाडौं*

एमालेले विघटित प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै शनिबार देशभर प्रदर्शन गरेको छ। जेन-जी आन्दोलनपछि भएको संसद् विघटन र सरकार गठनप्रति रुष्ट एमालेले संसद् पुनर्स्थापनाको माग गरिरहेको छ। सरकारले फागुन २१ को निर्वाचन घोषणा गरे पनि सरकार नै निर्वाचन गराउने बाटोमा नगएको भन्दै एमालेले शनिबार जिल्ला सदरमुकाम र ठूला सहरमा प्रदर्शन गरेको हो। त्यसका लागि एमालेले विभिन्न नेताहरूलाई जिल्लामा खटाएको थियो।

नेपालगन्जको सभालाई पार्टी महासचिव शंकर पोखरेलले सम्बोधन गरेका थिए। त्यस क्रममा पोखरेलले एमालेलाई सिध्याउने षड्यन्त्र भए पनि जनताको बीचमा एमाले मात्रै रहेको बताए।

'एमालेका नेता/कार्यकर्तालाई संकटसँग जुध्ने अनुभव छ,' पोखरेलले भने, 'हाम्रो पार्टी कार्यालय जलाएपछि एमाले सकिन्छ भन्ने कुरा षड्यन्त्रकारीलाई लागेको थियो। तर, अहिले मैदानमा हेर्नुभयो भने एमालेभन्दा अरू कुनै शक्ति देख्नुभएको छ?'

» बाँकी पृष्ठ ६

## कुलतमा फस्दै युवा, भयावह बन्दै लागुऔषध कारोबार

**रत्नप्रसाद आचार्य** | *सुनसरी*



कोशी प्रदेशमा लागुऔषध कारोबार भयावह बन्दै गएको छ। नेपाल-भारतबीच खुला सीमाको फाइदा उठाउँदै लागुऔषध कारोबारीले सुनसरी, मोरङ र झापाका विभिन्न नाकाबाट ठूलो मात्रामा लागुऔषध भित्र्याउन थालेका छन्। कोशीमा लागुऔषधको दुरुपयोग तीव्र गतिमा फैलिएको छ। लागुऔषधको कारोबार दिन प्रतिदिन वृद्धि भएपछि धरान, इटहरी, विराटनगर, पथरी, उर्लाबारी, दमक, बिर्तामोड, झुम्का, इनरुवालगायत पहाडी जिल्लाका जेन-जी पुस्ताका युवाहरू कुलतमा फस्दै गएका छन्।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक दीपक पोखरेलले कोशीमा आर्थिक वर्ष २०८१/०८२ मा मात्रै २ लाख ६० हजार ७ सय ५ किलो गाँजा बरामद गरिएको बताए। त्यसैगरी ३ हजार ५८८ ग्राम चरेश, १५.७७० ग्राम अफिम र ५.४८९ ग्राम ब्राउन सुगर प्रहरीले नियन्त्रणमा लिएको छ। उक्त अवधिमा ६ लाख १५ हजार ७९ वटा मनोदिपक चक्की तथा क्याप्सुल, २ हजार ६ सय ५४ एम्पुल मनोदिपक सुई र १ सय ९ थान अन्य मनोदिपक औषधिहरू बरामद भएका छन्। लागुऔषध कारोबारमा संलग्न २ हजार २ सय ७६ जनालाई पक्राउ गरी मुद्दा चलाइएको र उनीहरूबाट ३ सय ११ वटा सवारी साधनसमेत बरामद गरिएको एसएसपी पोखरेलले बताए।

चालु आर्थिक वर्ष ०८२/८३ को पहिलो चार महिनामै प्रहरीले १० हजार ६ सय ७९ किलो गाजा बरामद गरेको छ। साथै २ किलो ३६७.३८८ ग्राम ब्राउन सुगर, ३ लाख ७६ हजार ६ सय ७० वटा मनोदिपक चक्की र ९ सय ८८ एम्पुल मनोदिपक सुई नियन्त्रणमा लिइएको एसएसपी पोखरेलले बताए। यस अवधिमा मात्रै ३ सय २० जनालाई पक्राउ गरी १९ वटा सवारी साधन नियन्त्रणमा लिएको उनले बताए। यी तथ्यांकहरूले कोशी प्रदेशमा लागुऔषध कारोबारको गहिरो जरो गाडीसकेको स्पष्ट संकेत गरेको छ। खुला सीमानाका कारण प्रदेशका सीमावर्ती नाकाहरू लागुऔषध तस्करीको मुख्य मार्ग बनेका छन्। झापाको काँकडभिट्टा, मेचीनगर र गोलधाप, मोरङको रानी, जहदा, मटियारी, रंगेली र सुनसरीको अमडुवा, बसन्तपुर, घुस्की, हरिपुर, भान्टाबारी, लौकही, कप्तानगन्ज, देवानगन्ज नाकाबाट लागुऔषध तस्करी सबैभन्दा बढी हुने गरेको स्थानीय बताउँछन्।

» बाँकी पृष्ठ ६

